# संवैधानिक समितिको कार्यक्षेत्र

(संविधानसभा नियमावली, २०६५ को नियम ८६ संग सम्बन्धित)

संविधानसभा नियमावली, २०६५ को नियम ६५ को उपनियम (३) मा संविधानको प्रस्तावना र कुनै पनि विषयगत समितिहरुको कार्यक्षेत्र भित्र नपरेका तर संविधानमा समावेश गर्नु पर्ने विषयको पहिचान गरी त्यसको अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा तयार पारी सभामा पेश गर्ने जिम्मेवारी समेत संवैधानिक समितिमा रहनेछ भन्ने उल्लेख भएकोमा विश्वका केही संविधानका विषयवस्तुको तुलनात्मक अध्ययन गरी, विषयगत समितिहरुको कार्यक्षेत्र भित्र परेका विषयमा दोहोरोपन नहोस भन्ने कुरालाई विशेष ध्यान दिई हाललाई संवैधानिक समितिको कार्यक्षेत्रमा देहायका विषयहरु रहने देखिएको छ । यी क्षेत्रहरु अन्तिम नभई समितिले अध्ययन र कार्य गर्दै जाँदा वा सबै समितिका सभापतिहरुको संयुक्त वैठकमा छलफल हुंदा वा विषयगत समितिहरुवाट प्रतिवेदन प्राप्त भएपछि जुनसुकै चरणमा पनि कुनै विषय समितिको कार्यक्षेत्रमा थपघट कुन सक्ने गरी खुला राख्नु उपयुक्त हुने समितिको ठहर रहेको छ । यही मान्यताको आधारमा यो कार्यक्षेत्रको पहिचान गरी सो को विषय सूची तयार पारिएको छ ।

## संवैधानिक समितिको कार्यक्षेत्र

१. प्रस्तावना

- संविधानमा प्रस्तावनाको उद्धेश्य र महत्व
- प्रस्तावनामा समेट्नु पर्ने मुख्य विषयहरु
- विश्वका केही संविधानमा रहेका प्रस्तावनाको तुलनात्मक अध्ययन
- भावी संविधानको प्रस्तावना लेख्दा ध्यान दिनु पर्ने कुराहरु

२. संविधानको पहिलो भागमा रहने विषयवस्तुहरु

- संवैधानिक सर्वोच्चताको प्रत्याभूति
- राजकीय सत्ता र सार्वभौमसत्ताको परिभाषा र प्रयोग गर्ने विधि
- राज्यको प्रकृति र विशेषता
- राष्ट्रिय झण्डा, गान र प्रतिकहरु

३. संविधान संशोधन प्रक्रिया

- कठोर वा नमनशिल कस्तो विशेषता अङ्गिकार गर्ने
- आधारभुत संरचनाको सिद्धान्त वा संशोधनको विधायिकी अधिकारमा सारभुत सिमा लगाउने वा नलगाउने ?
- संविधान संशोधनमा संघ र संघीय इकाईका विधायिकाको भुमिका
- संविधान संशोधनमा जनमत संग्रह वा प्रत्यक्ष लोकतन्त्र (Direct Democracy) को अभ्यास

४. राजनीतिक दल सम्बन्धी संवैधानिक व्यवस्था

- राजनीतिक दलको परिभाषा
- राजनीतिक दल खोल्ने स्वतन्त्रता, यसमा बन्देजको शर्त र दायरा
- दल दर्ताको विधि र प्रक्रिया
- राजनीतिक दल भित्रको लोकतन्त्र र समावेशिता
- राजनीतिक दलको व्यवस्थापन, पारदर्शीता र जवाफदेहिता सम्बन्धी संयन्त्रहरु

**५. संकटकालिन अवस्थाको घोषणा**

- संकटकालिन अवस्थाको परिभाषा
- संकटकालिन अवस्थाको घोषणा गर्ने पूर्व अवस्थाहरु
- संकटकालिन अवस्था घोषणा गर्ने निर्णय, सोको घोषणा, क्षेत्र, अवधि र विधि
- विधायिकी अनुमोदनको प्रक्रिया र शर्तहरु
- संकटकालिन अवस्थाको घोषणा र त्यसबाट मौलिक हकको उपभोगमा पर्ने प्रभाव
- घोषणाको बैधता परीक्षण र उपचारको व्यवस्था

**६. संक्रमणकालिन व्यवस्था**

- भावी संविधानमा संक्रमणकालिन व्यवस्थाको आवश्यकता
- संक्रमणकालको निर्धारण
- संक्रमणकालमा राष्ट्रपति र उपराष्ट्रपतिको व्यवस्था वा अधिकार प्रयोगको विधि
- संक्रमणकालमा कार्यकारिणी अधिकारको प्रयोग
- संक्रमणकालमा विधायिकी अधिकारको प्रयोग
- संक्रमणकालमा न्यायपालिका र न्यायाधिशहरुको स्थिति
- अन्य संवैधानिक निकाय र पदाधिकारीहरुको स्थिति
- विगतमा निर्माण भएका कानून र निर्णयको बैधता

**७. संविधानमा बाधा अड्काउ फुकाउने अधिकार सम्बन्धी व्यवस्था**

- भावी संविधानमा बाधा अड्काउ फुकाउने अधिकारको आवश्यकता र औचित्यता
- यो अधिकार प्रयोगका पूर्व शर्तहरु
- विधायिकी अनुमोदनको प्रक्रिया

**८. विविध भागमा रहने व्यवस्थाहरु**

- राजदूत र विशेष प्रतिनिधिको नियुक्ति प्रक्रिया
- माफी दिने अधिकार (Power to Grant Pardon) र सोको विधि
- राज्यको तर्फबाट उपाधी, सम्मान र विभुषण प्रदान गर्ने अधिकार र विधि
- निर्वाचन क्षेत्र निर्धारणका आधार र संयन्त्र

- अन्य आवश्यक विषयहरु

९. परिभाषाको भाग

- धारा
- नेपाल
- नागरिक
- विधेयक
- पारिश्रमिक
- कानूनको व्याख्या सम्बन्धी व्यवस्था आदी

१०. संक्षिप्त नाम र प्रारम्भ

- संविधानको नाम
- संविधान प्रारम्भ हुने मिति
- नेपालको अन्तरिम संविधान, २०६३ को खारेजी

११. संविधानका अनुसूचीहरु

- नेपालको निशाना छाप
- नेपालको राष्ट्रिय गान
- नेपालको राष्ट्रिय झण्डा र सो बनाउने तरिका
- संघीय लोकतान्त्रिक गणतन्त्र नेपालका संघीय इकाईहरुको नाम (सम्बन्धित विषयगत समितिबाट तय भए बमोजिम अनुसूचीमा रहने)
- अन्य आवश्यक कुराहरु

१२. अन्य विषयगत समितिहरुको कार्यक्षेत्रमा नसमेटिएका र संविधानमा रहनुपर्ने भनी समितिले आवश्यक ठानेका अन्य विषयहरु

१३. माथि उल्लिखित विषयहरुको अवधारणा पत्र र प्रारम्भिक मस्यौदा तयार गर्ने

१४. विषयगत समितिहरुबाट पेश भएका प्रारम्भिक मस्यौदामाथि सभामा छलफल भई सभाले दिएको सुझाव र निर्देशनको आधारमा संविधानको प्रारम्भिक मस्यौदा तयार गर्ने

१५ समितिले तयार पारेको प्रारम्भिक मस्यौदा माथि सभामा भएको छलफल र सुझावका आधारमा प्रारम्भिक मस्यौदा परिमार्जन गरी संविधानको विधेयक तयार गर्ने ।

मिति : २०६५।९।१६

कुल बहादुर गुरुङ्ग
सभापति, संवैधानिक समिति ।

## संवैधानिक समितिको कार्यविवरण

(संविधानसभा नियमावली, २०६५ को नियम ८६ संग सम्बन्धित)

१. नागरिक सम्बन्ध समिति, जनमत संकलन तथा समन्वय समिति र संविधानसभा सचिवालयसँगको समन्वयमा संविधानको अवधारणा, प्रारम्भिक मस्यौदा र संविधानको विधेयकमा जनताबाट व्यापक रुपमा सुझाव संकलन गर्ने, छलफल र अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने आदि ।

२. संविधानसभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, क्षमता अभिबृद्धि तथा श्रोत व्यवस्थापन समिति र संविधानसभा सचिवालयसँग समन्वय राखी समितिका माननीय सदस्यहरुको लागि संवैधानिक दर्शन, राजनैतिक दर्शन, संविधान निर्माणको अभ्यास, मस्यौदा विधि, मस्यौदा कला, समितिको जिम्मेवारी लगायतका विषयमा कार्यशाला, गोष्ठि, अभिमुखीकरण कार्यक्रम, अध्ययन अवलोकन लगायतका गतिविधिहरु सञ्चालन गर्ने ।

३. क्षमता अभिवृद्धि तथा श्रोत व्यवस्थापन समितिसँगको समन्वयमा आवश्यक श्रोत सामग्री समितिको सचिवालयमा संकलन गरी आवश्यकता अनुसार माननीय सदस्यहरुलाई उपलब्ध गराउने ।

४. समितिको कार्यक्षेत्र भित्रका विषयमा अवधारणा पत्र तयार गर्ने सम्बन्धमा स्वदेश तथा विदेशमा रहेका नेपाली नागरिकहरुबाट सुझाव लिने, गोष्ठि अन्तरक्रिया गर्ने, आवश्यकता अनुसार अध्ययन गर्ने ।

५. प्रस्तावना, पहिलो भागमा रहने विषयवस्तुहरु, संविधान संशोधन प्रक्रिया, राजनीतिक दल सम्बन्धी संवैधानिक व्यवस्था, संकटकालिन अवस्थाको घोषणा, संक्रमणकालिन व्यवस्था, संविधानमा बाधा अड्काउ फुकाउने आदेश सम्बन्धी व्यवस्था, विविध भागमा रहने व्यवस्थाहरु, परिभाषाको भाग, संक्षिप्त नाम र प्रारम्भ लगायतका विषयको अवधारणा पत्र निर्माण गर्ने ।

६. समितिको कार्यक्षेत्र भित्रका विषयमा प्रारम्भिक मस्यौदा तयार गर्ने क्रममा स्वदेश तथा विदेशमा रहेका नेपाली नागरिकहरुबाट सुझाव लिने, गोष्ठि अन्तरक्रिया गर्ने, आवश्यकता अनुसार अध्ययन गर्ने ।

७. समितिको कार्यक्षेत्र भित्रका विषयमा तयार भएका अवधारणा पत्रको आधारमा प्रारम्भिक मस्यौदा तयार पार्ने ।

८. समितिको कार्यक्षेत्र भित्रका विषयमा तयार भएका प्रारम्भिक मस्यौदामाथि संविधानसभामा भएको छलफलको क्रममा उठेका विषयको सम्बन्धमा सभापति मार्फत स्पष्ट पार्ने ।

९. भावी संविधानको प्रारम्भिक खाका (Preliminary Framework) तयार गर्ने ।

१०. विषयगत समितिबाट प्राप्त भएका मस्यौदामाथि सभाले दिएको सुझाव र निर्देशनका आधारमा सबै मस्यौदालाई एकिकृत गरी नयाँ संविधानको पहिलो मस्यौदा तयार गर्ने ।

११. संविधानको पहिलो मस्यौदामाथि सभामा हुने छलफलको क्रममा उठेका प्रश्नहरुको टिपोट गरी समितिका सभापतिले सभामा स्पष्ट पार्ने ।

१२. सभामा भएको छलफल र सुझावका आधारमा समितिले संविधानको पहिलो मस्यौदालाई परिमार्जन गरी अन्तिम रुप दिने र अध्यक्षसमक्ष पेश गर्ने ।

१३. संविधानको पहिलो मस्यौदामाथि जनताको राय र सुझाव संकलन गर्न समितिले गोष्ठि, अन्तर्क्रिया र छलफल कार्यक्रमको आयोजना गर्ने ।

१४. संविधानको विधेयकमा जनताबाट प्राप्त राय, सुझाव सम्बन्धी प्रतिवेदन तयार गर्न जनमत संकलन तथा समन्वय समितिलाई सहयोग पुऱ्याउने कार्यमा संलग्न रहने ।

१५. संविधानको विधेयकमा जनताबाट प्राप्त राय, सुझाव प्रतिवेदनमाथि छलफल भई सभाले दिएको सुझाव र निर्देशन बमोजिम विधेयक परिमार्जन गरी पेश गर्ने ।

१६. अन्तरिम संविधान र संविधानसभा नियमावली बमोजिम संविधानको विधेयकमाथि सभामा सामान्य छलफल हुंदा उठेका प्रश्नको सम्बन्धमा समितिका सभापतिबाट स्पष्ट पार्ने ।

१७. माननीय सदस्यहरुबाट पेश भएका संशोधन सहित सभामा विधेयकमाथिको दफावार छलफल हुँदा सभापतिले समितिको धारणा राख्दै विधेयकबारे स्पष्ट पार्ने ।

मिति : २०६५।९।१६

कुल बहादुर गुरुङ्ग
सभापति, संवैधानिक समिति

## संवैधानिक समितिको कार्यतालिका

(संविधानसभा नियमावली, २०६५ को नियम ८६ संग सम्बन्धित)

| क.सं | मुख्य गतिबिधि | कार्य अवधी | समितिले गर्ने कार्य | उपसमितिले गर्ने | समानान्तर गतिविधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | क) समितिको कार्यक्षेत्र भित्रका सबै विषयको वारेमा छलफल, विचार, विमर्श गर्ने, नागरिक समाज, विशेषज्ञ र आम नागरिकबाट राय सुझाव लिने ।<br><br>ख) समितिको कार्यक्षेत्र भित्रका विषयमा नागरिक समाज, विशेषज्ञ र आम नागरिकबाट प्राप्त राय सुझावको अध्ययन, विश्लेषण गरी निचोड तयार गर्ने । | ४ हप्ता २०६५।९।१५ देखि २०६५।१०।१४ सम्म | समितिको समग्र कार्यक्षेत्र अन्तर्गतका गतिविधिहरुको अनुगमन गर्ने, जनताबाट अवधारणाको सम्बन्धमा आएका सुझाव सम्बन्धित उपसमितिमा पठाउने । | | नागरिक सम्बन्ध समितिसंगको समन्वयमा समितिका काम कारवाही वारे जनतालाई सूसुचित गर्ने, अवधारणाका सम्बन्धमा राय सुझाव लिने र दक्षता अभिबृद्धि समितिसंगको समन्वयमा माननीय सदस्यहरुलाई आवश्यक श्रोत, सामग्री संकलन गरी उपलब्ध गराउने तथा गोष्ठि, सेमीनार, अभिमुखीकरण कार्यक्रम लगायतका गतिविधि संचालन गर्ने । | |
| | ग) समितिको कार्यक्षेत्र भित्रका विषयहरु विभाजन गरी अलग अलग रुपमा व्यवस्थित रुपले कार्य सम्पादन गर्न आवश्यकता अनुसारका उपसमिति गठन गर्ने । | ४ हप्ता २०६५।१०।१५ देखि २०६५।११।१५सम्म | उपसमितिबाट पेश भएका अवधारणा सम्बन्धी प्रतिवेदन माथि समितिमा छलफल गरी अवधारणालाई अन्तिम रुप दिने । | समितिवाट उपसमिति लाई तोकिएको विषयमा अवधारणा पत्र तयार गरी निर्धारित समयमा समितिमा प्रतिवेदन पेश गर्ने । | अवधारणा सम्बन्धमा सुझाव ग्रहण गर्ने र प्राप्त सुझावलाई समितिमा छलफल गरी प्रतिवेदनमा समावेश गर्ने कार्यलाई निरन्तरता दिने । | उपसमितिहरु गठन नभएमा समितिबाटै सबै कार्यसम्पादन गर्ने । |
| २. | क) समितिको कार्यक्षेत्र भित्रका सबै विषयको अवधारणा पत्रको आधारमा प्रारम्भिक मस्यौदा तयार गर्ने । | ६ हप्ता २०६५।११।१६ देखि २०६५।१२।३० सम्म | समितिवाट अन्तिम भएको अवधारणा पत्रको आधारमा प्रारम्भिक मस्यौदा तयार गर्न सम्वन्धित उपसमितिमा निर्देशन सहित अवधारणा पत्र पठाउने ।<br>उपसमितिवाट पेश भएका | तोकिएको विषयमा प्रारम्भिक मस्यौदा तयार गरी निर्धारित समयमा समितिमा मस्यौदा सहित प्रतिवेदन पेश गर्ने । | अवधारणा पत्र सम्बन्धमा सुझाव ग्रहण गर्ने र त्यसलाई समितिमा छलफल गरी प्रारम्भिक मस्यौदामा समावेश गर्ने कार्यलाई निरन्तरता दिने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मस्यौदा सहितको प्रतिवेदन माथि समितिमा छलफल गरी मस्यौदालाई अन्तिम रुप दिने । | | | |
| | ख) समितिले अन्तिम रुप दिएको प्रारम्भिक मस्यौदा सम्बन्धी प्रतिवेदनको पर्याप्त प्रति तयार गरी अध्यक्षको अनुमति लिएर संविधानसभाको पूर्ण बैठकमा पेश गर्ने । | **१० दिन** २०६६।१।१ देखि २०६६।१।१० सम्म | | | अन्य विषयगत समितिहरुको सहयोग लिई सबै समितिको प्रारम्भिक मस्यौदा संकलन गरी समितिको सचिवालयले एकिकृत मस्यौदाको प्रारुपको लागि गृहकार्य प्रारम्भ गर्ने | |
| ३. | समितिको कार्यक्षेत्र भित्रका विषयको अवधारणा पत्र र प्रारम्भिक मस्यौदामाथि सभामा छलफल हुंदा उठेका प्रश्नहरुको टिपोट गरी समितिका सभापतिले सभामा स्पष्ट पार्ने । | **८ हप्ता** २०६६।१।११ देखि २०६६।२।३० सम्म | आवश्यक परे समितिको बैठक बोलाई सभामा समितिको प्रतिवेदनमाथि उठेका प्रश्नको बारेमा छलफल गरी समितिको धारणा बनाई सभापति मार्फत सभामा स्पष्ट पार्ने । | | संविधानसभा सचिवालयले संवैधानिक समितिलाई सभाले दिने सुझाव र निर्देशन तयार गर्न आवश्यकता अनुसार विषेशज्ञ टोली खटाउन उपयुक्त हुने । | समितिको सचिवालयले समितिको प्रतिवेदन माथि छलफल हुने दिन र समय पहिचान गरी माननीय सदस्यलाई जानकारी गराउने र छलफलमा उठेका सबै विषय र प्रश्न सम्बन्धी विवरण तयार गरी सभापति समक्ष पेश गर्ने । |
| ४. | क) भावी संविधानको समग्र खाका निर्माण गर्ने ख) विषयगत समितिबाट पेश भएका मस्यौदामाथि सभाले दिएको सुझाव र निर्देशनका आधारमा सबै मस्यौदालाई एकिकृत गरी नयाँ संविधानको पहिलो मस्यौदा तयार गर्ने र अध्यक्षको अनुमति लिएर सभापतिले सभामा पेश गर्ने । | **८ हप्ता** २०६६ साल असार महिना र साउन २५ सम्म | समितिको निममित बैठक बसी यो कार्य गोप्य रुपमा सम्पंन्न हुने । | आवश्यक परे उपसमिति पनि गठन गर्न सकिने । | | यो कार्य सम्पन्न गर्दा सबै विषयगत समितिको सचिवालयले सभामा भएको छलफलको क्रममा तयार गरेका बुंदा टिपोट सम्बन्धी विवरण लगायत संविधानसभा सचिवालयमा रहेको कुनै पनि अभिलेख संवैधानिक समितिले हेर्न सक्नेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | संविधानको पहिलो मस्यौदामाथि पूर्ण बैठकमा हुने छलफलको क्रममा उठेका प्रश्नहरुको टिपोट गरी समितिका सभापतिले सभामा स्पष्ट पार्ने । | **४ हप्ता** २०६६ साउन २६ देखि भाद्र २५ सम्म | आवश्यक परे समितिको बैठक वोलाई सभामा संविधानको पहिलो मस्यौदा माथि उठेका प्रश्नको बारेमा छलफल गरी समितिको धारणा बनाई सभापति मार्फत सभामा स्पष्ट पार्ने । | | | समितिको सचिवालयले संविधानको पहिलो मस्यौदा माथि छलफल हुंदा उठेका सबै विषय र प्रश्न सम्बन्धी विवरण तयार गरी सभापति समक्ष पेश गर्ने । |
| ६. | पूर्ण बैठकमा भएको छलफल र सुझावका आधारमा समितिले संविधानको पहिलो मस्यौदा लाई अन्तिम रुप दिई अध्यक्षसमक्ष पेश गर्ने | **१ हप्ता** २०६६ भाद्र २६ देखि भाद्र मसान्त सम्म । | | | अध्यक्षमार्फत संविधानको पहिलो मस्यौदा जनमत संकलन तथा समन्वय समितिका सभापतिलाई हस्तान्तरण गर्ने । | |
| ७. | संविधानको पहिलो मस्यौदामाथि जनताको राय र सुझाव संकलन गर्न समितिले गोष्ठि अन्तरक्रिया र छलफल कार्यक्रमको आयोजना गर्ने । | **१२ हप्ता** २०६६ आश्विन १ देखि २०६६ मार्ग २५ सम्म । | | | यस कार्यमा सबै समितिहरु र सदस्यहरु सहभागि हुने । | |
| ८. | संविधानको विधेयकमा जनतावाट प्राप्त राय, सुझाव सम्वन्धी प्रतिवेदन तयार गर्न जनमत संकलन र समन्वय समितिलाई सहयोग पुऱ्याउने । | ४ हप्ता २०६६ मार्ग २६ देखि २०६६ पौष २२ गते सम्म । | | | | |
| ९. | समितिको सचिवालयले जनताको सुझाव सम्वन्धी प्रतिवेदनमाथि पूर्ण बैठकमा छलफल हुंदा उठेका महत्वपूर्ण विपयहरु टिपोट गर्ने । | २ हप्ता २०६६।९।२३ देखि २०६६।१०।७ सम्म | | | यस कार्यमा सबै समितिका सचिवालय सहभागि हुने । | संविधानसभा सचिवालयले संवैधानिक समितिलाई सभाले दिने सुझाव र निर्देशन तयार गर्न आवश्यकता अनुसार विषेशज्ञ टोली खटाउने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | क) संविधानको पहिलो मस्यौदामा सभाले जनताको राय सुझावको आधारमा परिमार्जन गर्न भनि दिएको सुझाव र निर्देशन बमोजिम परिमार्जन गरी पेश गर्ने । | ४ हप्ता २०६६।१०।८ देखि २०६६।११।३ सम्म । | | | | समितिले जनमत संकलन तथा समन्वय समितिबाट आवश्यकता अनुसार जनताबाट प्राप्त राय सुझाव सम्बन्धी अभिलेख माग गर्न सक्ने । |
| | ख) संविधानको विधेयकको प्रति तयार गरी सवै सदस्यलाई वितरण गर्ने । | १ हप्ता २०६६।११।४ देखि२०६६।११।१० सम्म । | | | समिति सचिवालय सहित यस कार्यमा संविधानसभा सचिवालय नै संलग्न हुने । | |
| ११. | अन्तरिम संविधान र संविधानसभा नियमावली बमोजिम संविधानको विधेयकमाथि सभामा सामान्य छलफल हुंदा उठेका प्रश्नको समितिका सभापतिबाट स्पष्ट पार्ने । | १ हप्ता २०६६।११।११ देखि २०६६।११।१७ | | | समितिको सचिवालयले सैद्धान्तिक छलफलमा उठेका प्रश्नहरुको टिपोट तयार गरी सभापतिलाई सभामा स्पष्ट पार्ने कार्यमा सहयोग पुन्याउने । | २०६६ साल फाल्गुण १८ देखि २४ सम्म माननीय सदस्यहरुबाट संविधानको विधेयकमाथि संशोधन पेश गर्ने म्याद रहेको । |
| १२. | संशोधन सहित विधेयकमाथि को दफावार छलफल सभामा हुंदा सभापतिले समितिको धारणा राख्दै विधेयक बारे स्पष्ट पार्ने । | ८ हप्ता २०६६।११।२५ देखि २०६७।१।१५ सम्म । | | | समितिको धारणा बनाउनको लागि आवश्यकता अनुसार समितिको बैठक नियमित रुपमा बस्न सक्ने । | सभामा भएको दफावार छलफलको क्रममा उठ्ने विषयको समितिको सचिवालयले समन्वय गरी सबैको सहयोग लिएर सावधानी पूर्वक बुंदा टिपाट गर्ने । |
| १३. | समितिको सचिवालय समितिको अभिलेख अद्यावधिक गर्न संलग्न रहने । | ४ हप्ता २०६७।१।१६ देखि २०६७।२।१४ सम्म । | | | | |

पुनश्च : समितिले संविधानसभाको कार्यतालिकाको अधिनमा रही उल्लिखित कार्यतालिकामा आवश्यक हेरफेर वा थप गर्न सक्नेछ ।

मिति : २०६५।९।१७

कुलबहादुर गुरुङ्ग
सभापति, संवैधानिक समिति ।

## संविधानसभा, संवैधानिक समिति (तत्काल आवश्यक पर्ने स्रोत सामग्री)

| क.स | पुस्तकका लेखक | पुस्तकको नाम | परिमाण | प्रकाशन गरिएको स्थान |
|---|---|---|---|---|
| १ | M.P .Sing | V.N. Shukla's Constitutional Law of India | ५ प्रति | भारत |
| २ | M.P. Jain | Constitutional Law of India | ५ प्रति | भारत |
| ३ | Vishnu Bhagawan | World Constitutions | ५ प्रति | भारत |
| ४ | कुमार चुडाल समेत | World Constitutions Vol 1 and vol 2 (Both) | ६३/६३प्रति | संवैधानिक समितिका सदस्यहरुलाई वितरण गर्न |
| ५ | फ्रिडिल | नेपालको संवैधानिक कानुन | ५ प्रति | नेपाल |
| ६ | सुर्य ढुंगेल समेतको लेखन | Commentary on the Constitution of the Kingdom of Nepal | ५ प्रति | |
| ७ | मुकुन्द रेग्मी | संवैधानिक विकास र नेपाल अधिराज्यको संविधान २०४७ (२ वटा किताब छन्) | ५ प्रति | |
| ८ | संविधान सुझाव आयोग | नेपाल अधिराज्यको संविधान २०४७ को व्याख्यात्मक टिप्पणी | ५ प्रति | राष्टिय अभिलेखालयवाट प्राप्त गर्नुपर्ने |
| ९ | Anwar Shah | The Practice of Fiscal Federalism: Comparative Perspectives | ५ प्रति | |
| १० | B. D. Tandoon | Indian Federal System | ५ प्रति | |
| ११ | Benett R.J. (1990) | Decentralization, Local Governments, and Markets: Towards a Post-Welfare | ५ प्रति | |
| १२ | D.J. Elazar | Exploring Federalism | ५ प्रति | |
| १३ | Edward L. Gibson | Federalism and Democracy in Latin America | ५ प्रति | |
| १४ | G. Alan Tarr. Robert F. Williams, Josef Marko | Federalism, Sub-National, Constitutions and Minority Rights | ६ प्रति | |
| १५ | John Kncaid and G. Alan Tarr | Constitutional Origins. Structure and Changes in Federal Countries | ५ प्रति | |
| १६ | Katy Le Roy and | Legislative, Executive and Judicial Governance | ५ प्रति | |

| | | | | |
|---|---|---|---|---|
| | Chery Sanders | in Federal Countries | | |
| १७ | Michael Burgess | Comparative Federalism: Theory and Practice | ५ प्रति | |
| १८ | Ronald Watts | Comparing Federal Systems | ५ प्रति | |
| १९ | Schmitt N. (1996) | Federalism: The Swiss Experience (HSRC) Publishes | ५ प्रति | |
| २० | Thomas O. Heugin and Alan Fenna | Comparative Federalism: A Systematic Inquiry | ५ प्रति | |
| २१ | Chamling, Bhogi Raj (Ed.) | Ethnic Autonomy and Right to Self-Determination (in Nepali) | ५ प्रति | |
| २२ | Kisan, Yam Bahadur | Dalit Ethnic Liberation Movement in Nepal (in Nepali) | ५ प्रति | |
| २३ | SAP Nepal | Political Problems in Nepal: Analysis and Process of Transformation (in Nepali) | ५ प्रति | नेपाल |
| २४ | Anand Aditya | The Inclusive State: Reflections on Reinventing Nepal , | ५ प्रति | SAP Nepal |
| २५ | मोहन मैनाली (सम्पादन) | समावेशी लोकतन्त्रका आधारहरु | ५ प्रति | सोसल साइन्स वहाः |
| २६ | डा. सुरेन्द्र के.सी | नेपालको राज्य पुर्नसंरचना र संविधान सभा | ५ प्रति | नेपाल |
| २७ | प्रा.डा.विद्यानाथ कोइराला समेत | राज्यको पुर्नसंरचना र दलित सहभागिता | ५ प्रति | नेपाल |
| २८ | Guruprit Mahajan | Democracy Difference and Social Justice | ५ प्रति | भारत |
| २९ | पुष्पराज कंडेल | राज्यको पुर्नसंरचना अर्थ राजनीतिक सन्दर्भ संघियताका प्रश्न | ५ प्रति | नेपाल |
| ३० | राष्टिय शान्ति अभियान | नेपालको संघिय शासन प्रणाली चुनौती र अवसरहरु | ५ प्रति | नेपाल |
| ३१ | फ्रिडम फोरम | लोकतन्त्रमा समावेशीकरण | ५ प्रति | नेपाल |
| ३२ | David Held | Models of Democracy | ५ प्रति | |
| ३३ | सीताराम तामाङ्ग (सं.) | नेपालको सन्दर्भमा राज्यको पुनर्संरचना | ५ प्रति | |
| ३४ | | World Political Systems vol. 1 & 2 | ५/५ प्रति | |